नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

भक्तपुर

## 'होली पर्व सम्बन्धी सूचना'

सांस्कृतिक पर्वको रुपमा रंग, अविरले मनाइने होली पर्व यस बर्ष मिति २,०७८ चैत ३ मा पहाडी जिल्ला र उपत्यकामा मनाउन गइरहेका छौं। यो जिल्ला साँस्कृतिक, पुरातात्विक तथा पर्यटकीय नगरीको रुपमा समेत विशिष्ट पहिचान भएको हुदाँ होली मनाउँदा आ-आफ्नो धार्मिक, साँस्कृतिक, सामाजिक परम्पराको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरी सभ्य, भव्य र सु-संस्कृत रुपमा होली पर्व मनाउनु हुन जिल्लावासीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

पर्व मनाउँदा एक अर्काको इच्छा विपरित फोहर पानी वा केमिकल सहितको रंग दल्ने, प्लाष्टिकजन्य लोला हान्ने, बाटोमा हिड्ने व्यक्तिहरुलाई अनावश्यक दु:ख हैरानी दिने, बाटो अवरोध गरी सवारी साधनबाट रकम असुल्ने, यातायात आवागमनमा अवरोध सिर्जना गर्ने जस्ता कार्य प्रचलित कानून विपरित भएको जानकारी गराउदै, कोही कसैले कसैको ईच्छा एवं स्वीकृती बेगर उल्लेखित कार्य नगर्नु/नगराउनु हुन अनुरोध छ ।कोही कसैबाट त्यस्तो कार्य भए गरेमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

२०७८/१२/०२

रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी

मितिः २०७८।१२।०२

वेभसाइटः daobhaktapur.moha.gov.np ईमेलः daobhaktapur@gmail.com ☎६६१४४३७, ६६१४८०१, ६६१०९७६ 🖷६६१४६०७